मेन्छयायेम गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मोराहाङ्ग, तेह्रथुम
१ नं. प्रदेश, नेपाल
Province No. 1, Nepal

प.सं. ०७८/०७९
च. नं. १०६६

मितिः२०७९।०३।२९

श्री सबै सामुदायिक विद्यालय,
मेन्छयायेम गाउँपालिका, तेह्रथुम

विषयः शिक्षकको सम्पत्ति विवरण बुझाउने सम्वन्धमा ।

प्रस्तुत विषयमा भ्रष्टचार निवारण ऐन २०५९ को दफा ५० को उपदफा १ तथा अख्तियार दुरुपयोग अनुसन्धान ऐन २०४८ को दफा ३१ (क) बमोजिम प्रत्येक शिक्षकले आर्थिक वर्ष समाप्त भएको ६० दिन भित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पतिको स्रोत वा निस्सा सहितको अध्यावधिक सम्पत्ति विवरण पेश गर्नु पर्ने कानुनी प्रावधान भएकोले सामुदायिक विद्यालयहरुमा कार्यरत स्थायी शिक्षकहरुको आ. व. २०७८।०७९ को सम्पत्ति विवरण भरी राष्ट्रिय शिक्षक किताबखाना (शिक्षक) मा बुझाउनु पर्ने र राहत, करार, उ. मा. वि. अनुदान, वाल शिक्षक तथा विद्यालय कर्मचारीहरुले मिति २०७९।०५।१० गते भित्रमा अनिवार्य रुपमा यस गाउँपालिकाको शिक्षा शाखामा बुझाउनुहुन अनुरोध छ । यदि विवरण नपठाएको खण्डमा जरिवानाको हिस्सेदार स्वयमं आफै हुनुपर्नेछ ।

नोटः

१. आ.व.०७८।०७९ भित्र सेवानिवृत्त भएका शिक्षकहरुले समेत पनि सम्पत्ति विवरण बुझाउनु पर्ने ।

२. सम्पत्ति विवरण फारम समयमा नबुझाएमा रु.५००० जरिवाना लाग्ने जानकारी गराईन्छ ।

सम्पत्ति विवरण फारमको खाम बाहिरको ढाँचा ( स्थायी शिक्षकका लागी मात्र)

| पठाउने | पाउने |
|---|---|
| शिक्षकको नाम थरः | श्री राष्ट्रिय किताबखाना( शिक्षक)<br>म्यूजियममार्ग छाउनी, काठमाण्डौं<br>इमेलः stroedu@gmail.com<br>फोन नं. ०१४६७०७५७,४२८३०२३ |
| तहः | |
| श्रेणीः | |
| कार्यरत विद्यालयको ठेगानाः | |
| शिक्षकको संकेत नं. | |
| मोवाइल नं. | |
| इमेल ठेगाना | |

पुनश्चः स्थायी शिक्षकहरुको सम्पत्ति विवरण मिति २०७९।०५।१० गते भित्र मेन्छयायेम गाउँपालिका शिक्षा शाखामा पेश गर्नुहुन अनुरोध छ ।

(सूर्य प्रसाद गौतम)
शिक्षा शाखा प्रमुख